फोन नं ०९१-५६१४१५
website : https://aciu.rjkip.gov.np
email : rjkis2ndagriculture@gmail.com
Facebook page: Rani Jamara Kulariya

नेपाल सरकार
**कृषि तथा पशुपन्छी विकास मन्त्रालय**
**कृषि विभाग**

# रानी जमरा कुलरिया सिंचाई आयोजना

## कृषि कार्यक्रम कार्यान्वयन एकाई, टिकापुर, कैलाली

सूचना नं.: १४/२०८२/८३
प्रकाशन मिति: २०८२/१२/०१

<u>माग आवेदन पेश गर्ने सम्बन्धी सूचना</u>

रानी जमरा कुलरिया सिंचाई आयोजना, कृषि कार्यक्रम कार्यान्वयन एकाई, टीकापुर, कैलालीको आ.ब.२०८२/८३ को बार्षिक स्वीकृत कार्यक्रम अनुसार माटोको उर्वराशक्ति सुधारकोलागि बसन्ते सिजनमा हरियो मल ढैंचा खेती प्रवर्द्धनकालागि **"ढैंचा खेती बिस्तार कार्यक्रम"** मा लागत साझेदारी गरी सहकार्य गर्न ईच्छुक आयोजना क्षेत्रका कृषक/समूह/सहकारी/समिति/फर्मले आवश्यक कागजात सहित १० (दश) दिन (मिति २०८२/१२/१० गतेभित्र) आयोजनाको कार्यालय, मुनुवारोड, टीकापुर वा सुखड, कैलालीमा माग आवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीकोलागि यो सूचना प्रकाशित गरिएको छ। ढैंचा लगाउने खेतमा सिंचाई सुविधा भएको हुनुपर्नेछ। रित नपुगेका वा अन्य निकायबाट सोही प्रकृतिको कार्यमा छनौट/अनुदान सहयोग प्राप्त गरेको भएमा आवेदकलाई सहयोग गरिनेछैन। साथै माग आवेदनको ढाँचा आयोजनाको Website र Facebook page बाट डाउनलोड गर्न सकिनेछ।

| कार्यक्रम/ क्रियाकलाप | कार्यक्रम सञ्चालन हुने क्षेत्र | ढैंचा लगाउनुपर्ने न्यूनतम क्षेत्रफल | लागत साझेदारी सहयोग रकम | कूल जम्मा स्वीकृत रकम रु. |
|---|---|---|---|---|
| हरियोमल ढैंचा खेती बिस्तार कार्यक्रम | टीकापुर, भजनी, घोडाघोडी न.पा., जानकी, जोशीपुर र बर्दगोरिया गा.पा.भरी तथा लम्किचुहा न.पा. वडा नं ३, ५ र ७ का तोकिएका क्षेत्रहरु | ५ कठ्ठा | ५०% | २ लाख |

<u>पेश गर्नुपर्ने आवश्यक कागजातहरु:</u>

१.निर्दिष्ट फर्मेट अनुसारको माग आवेदन
२.नेपाल सरकारद्वारा जारी परिचय खुल्ने कागजातको प्रतिलिपि
३.जग्गाको क्षेत्रफल खुल्ने लालपूर्जाको प्रतिलिपी/भाडा/अधिया/बटैया/भोकबन्दी लिएको भएमा सम्झौताको प्रतिलिपी
४. प्यान नं. को प्रतिलिपि र संस्थागत भएमा संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपि

थप जानकारी चाहिएमा कार्यालयमा सम्पर्क राख्न सकिनेछ।

भरतप्रसाद कंडेल
आयोजना कोअर्डिनेटर
२०८२/१२/०१